नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८१/८२
चलानी नं.:- २४२६

मितिः २०८२/०३/२५

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।

श्री धौलागिरी ईनर्जी कन्सल्ट प्रा. लि.,
बुढानीलकण्ठ, काठमांडौ,
९८५१०२९८१३ ।

उपरोक्त सम्वन्धमा तहाँ कम्पनीले तल्लो सेप्ली खोला जलविद्युत आयोजनाको जलविद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र पाउन दरखास्त दिनुभएकोमा तपसिलमा उल्लेखित कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले उक्त विवरण/कागजातहरू विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्न हुन मिति २०८२/०३/१९ को विभागीय निर्णयानुसार अनुरोध छ। साथै तहाँ कम्पनीबाट प्रस्तावित क्षेत्र आयु मलुन खोला जलविद्युत आयोजनाको क्षेत्र संग दोहोरो पर्ने देखिएकोले उक्त आयोजनाको प्राविधिक राय/प्रतिक्रिया माग गरिएको हुँदा सोही प्रयोजनको लागि तल्लो सेप्ली खोला जलविद्युत आयोजनाको डेस्क स्टडी प्रतिवेदन श्री आयु मलुन हाईड्रोपावर प्रा. लि. लाई उपलब्ध गराउनु हुन समेत जानकारी गराईन्छ ।

तपसिलः

१. प्रवर्द्धक कम्पनीको शेयर किताबको नोटराइज प्रतिलिपि,
२. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.,
३. प्रबर्द्धक कम्पनि अध्यावधिक रहेको सम्बन्धमा कम्पनि रजिस्ट्रारको कार्यालयबाट जारी भएको पत्रको नोटराईज प्रतिलिपि,
४. परामर्शदाता कम्पनीको कम्पनि दर्ता, प्यान दर्ता, आ. व. २०८०/८१ को करचुक्ता, प्रबन्धपत्र र नियमावली को नोटराईज प्रतिलिपि,
५. परामर्शदाता कम्पनि संगको सम्झौता (प्रत्येक पानामा प्रवर्द्धक किंपानी र परामर्शदाताको आधिकारिक व्यक्तिको सहिछाप भएको),
६. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (चौथो संशोधन समेत) को दफा ८ को उपदफा (क) बमोजिमको खुद सम्पत्ति (नेट वर्थ) खुल्ने गरी विभागबाट तोकिएको ढांचाको UDIN No समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
७. नेट वर्थ तयार गर्ने सि.ए संस्थाको संस्था दर्ता, स्थार्यी लेखा नम्बर दर्ता, आ. व. २०८०/८१ को कर चुक्ता र नवीकरण गरिएको निस्साको नोटराइज प्रतिलिपि ।

(शंकर बहादुर साउद)
इन्जिनियर

बोधार्थ :

१. श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।